नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

Ref.

# व्यक्तिगत घटना जन्म र मृत्यु दर्ता गर्ने सम्बन्धी सूचना

१. संयुक्त अरब इमिरेट्समा २०८०/११/२१ गते पश्चात् नेपाली बाबु र नेपाली आमाबाट युएईमा जन्मेका र मृत्यु भएका नेपाली नागरिकको मात्र घटना दर्ता गरिनेछ।

२. जन्मको हकमा बच्चाको बाबु वा आमा वा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य र मृत्युको हकमा बाबु, आमा, पति, पत्नी, छोरा वा छोरीले घटना दर्ताको लागि ३५ दिनभित्र सूचना दिन सक्नेछन्।

३. कानूनी रूपमा सूचना दिन योग्य व्यक्तिले राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको वेबसाइट https://public.donidcr.gov.np/Home/ मा गई अनिवार्य रूपमा अनलाइन सूचना फाराम भरी सोको टोकन नम्बर सहित देहाय बमोजिम कागजात संलग्न गरी सोको सक्कल प्रतिसहित सूचक यस राजदूतावासमा उपस्थित हुनुपर्नेछ र स्थानीय पंजिकाधिकारीद्वारा आवश्यक विवरण रुजु गरी सबै रीत पुगेको अवस्थामा प्रमाणपत्र उपलब्ध गराइनेछ।

४. संलग्न गर्नुपर्ने कागजातहरू:

**जन्म दर्ता**

- बाबु र आमाको नागरिकताको प्रमाणपत्र वा राहदानीको प्रतिलिपि
- अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी गरिएको प्रमाणपत्र
- घरमा जन्म भएको भए पहिलो खोप दिएको कागजात
- जन्मको सूचना फाराम

**मृत्यु दर्ता**

- मृतकको नागरिकताको प्रमाणपत्र वा राहदानीको प्रतिलिपि
- सूचकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- अस्पतालमा मृत्यु भएको भए उक्त संस्थाबाट जारी Death Certificate
- मृत्यु दर्ताको सूचना फाराम

५. घटना घटेको ३५ दिनभित्र दर्ता गर्दा कुनै पनि शुल्क तिर्नुपर्दैन। ३५ दिनभन्दा ढिला हुन गएमा अमेरिकी डलर २५ वा सो बराबरको स्थानीय मुद्रा विलम्ब शुल्कबापत तिर्नुपर्ने हुन्छ।

६. नेपाली नियोगमा दर्ता भएको घटना पुनः नेपालमा दर्ता गर्नुपर्दैन।

नेपाली राजदूतावास, अबुधाबी
२०८० फागुन ३० (१३ मार्च २०२४)